श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४० सालको ऐन नं. ६

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र सम्बन्धी कानूनी व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना: श्री ५ को सरकार र संयुक्त राष्ट्र संघीय शैक्षिक, वैज्ञानिक तथा साँस्कृतिक संगठनबीच भएको सम्झौता अनुसार हिन्दूकुश हिमाली क्षेत्रको पर्वतीय भेगको एकीकृत रूपले विकास गर्नको लागि अध्ययन, अनुसन्धान तथा अन्य आवश्यक काम गर्न नेपाल अधिराज्यमा एक अन्तर्राष्ट्रिय केन्द्रको स्थापना भएकोले सो केन्द्रलाई अन्तर्राष्ट्रिय स्तरमा सञ्चालन हुनको लागि पूर्ण स्वशासित रूपमा काम गर्न सक्ने तुल्याउन कानूनी व्यवस्था गर्न वाञ्छनीय भएको, र

सो अन्तर्राष्ट्रिय केन्द्र तथा त्यसका कर्मचारी, प्रतिनिधि तथा विशेषज्ञलाई अन्तर्राष्ट्रिय कानूनद्वारा प्रदान गरिने सुविधा तथा उन्मुक्ति उपलब्ध गराउने गरी सम्झौता भए अनुसार त्यस्तो उन्मुक्ति तथा सुविधाको सम्बन्धमा समेत कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र ऐन, २०४०" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "केन्द्र" भन्नाले श्री ५ को सरकार र संयुक्त राष्ट्र संघको शैक्षिक, वैज्ञानिक तथा साँस्कृतिक संगठन (यूनेस्को) का बीच भएको सम्झौता अनुसार नेपाल अधिराज्यमा स्थापना भएको अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इन्टरनेशनल सेण्टर फर इन्टेग्रेटेड माउन्टेन डेभलपमेण्ट) सम्झनुपर्छ ।

(ख) "सम्झौता" भन्नाले श्री ५ को सरकार र यूनेस्कोको बीच सन् १९८१ सेप्टेम्बर ३० मा पेरिसमा भएको सम्झौता सम्झनुपर्छ ।

(ग) "समिति" भन्नाले केन्द्रको सञ्चालनको लागि गठन भएको सञ्चालक समिति (गभर्नरहरूको बोर्ड) सम्झनुपर्छ ।

(घ) "निर्देशक" भन्नाले केन्द्रको निर्देशक (डाइरेक्टर) सम्झनुपर्छ ।

(ङ) "कर्मचारी" भन्नाले केन्द्रको निर्देशक, उपनिर्देशक, कर्मचारी, विशेषज्ञ, सल्लाहकार तथा परामर्शदाता (कन्सलटायण्ट) लाई समेत सम्झनुपर्छ ।

३. केन्द्र स्वशासित संस्था मानिनेः (१) केन्द्र अन्तर्राष्ट्रिय व्यक्तित्व भएको अविछिन्न उत्तराधिकारवाला संगठित तथा पूर्ण स्वशासित संस्था हुनेछ । केन्द्रले समिति बाहेक कुनै सरकार वा संस्थाबाट निर्देशन प्राप्त गर्नेछैन ।

(२) केन्द्रको आफ्नो छाप हुनेछ र यसले करार गर्न तथा आफ्नो नामबाट नालिश उजूर गर्न र यस उपर पनि सोही नामबाट नालिश उजूर लाग्न सक्नेछ ।

(३) केन्द्रले श्री ५ को सरकार वा कुनै विदेशी सरकार वा सरकारी संस्थाबाट वा स्वदेशी, विदेशी वा अन्तर्राष्ट्रिय संस्था, कम्पनी, कर्पोरेशन वा व्यक्तिबाट चल अचल सम्पत्ति, हक, अनुमति, सुविधा वा सहायतालाई दान-दातव्य, अनुदान, बक्स, सट्टापट्टा, खरीद-बिक्री, बन्धकी, भाडा वा कुनै पनि तरीकाबाट प्राप्त गर्न, भोग गर्न, चलन चल्ती गर्न वा त्यस्तो चल अचल सम्पत्ति धितो बन्धकी राख्न, भाडामा दिन वा बेच-बिखन गर्न र दान-दातव्य गर्न सक्नेछ ।

(४) केन्द्र मुनाफा नकमाउने गरी सञ्चालित हुनेछ र व्यवस्थापन, कर्मचारी भर्ना, कार्य सञ्चालन समेतको सम्बन्धमा राजनीतिबाट मुक्त रहनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. केन्द्रको काम, कर्तव्य र अधिकारः प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि केन्द्रको काम, कर्तव्य, अधिकार तथा दायित्वहरूको सम्बन्धमा सम्झौता र सोसँग संलग्न रहेको विधान (स्टाच्यूट) बमोजिम हुनेछ ।

५. कार्यालय रहने ठाउँको व्यवस्थाः (१) केन्द्रको कार्यालय काठमाडौं वा केन्द्रको निर्णय अनुसार नेपाल अधिराज्यको अन्य कुनै स्थानमा रहनेछ ।

(२) केन्द्रको कार्यालय स्थापना गर्नको लागि केन्द्रले नै खर्च व्यहोर्ने गरी श्री ५ को सरकारले उपयुक्त भवन उपलब्ध गराई दिनेछ ।

(३) केन्द्रले आफ्नै भवन निर्माण गर्ने निर्णय गरेमा श्री ५ को सरकारले त्यस्तो भवन निर्माण गर्न उपयुक्त हुने स्थानमा डेढ हेक्टर जमीन निःशुल्क उपलब्ध गराई दिनेछ ।

(४) श्री ५ को सरकारले उपदफा (२) वा (३) बमोजिम उपलब्ध गराइएको भवन वा जमीनमा आवश्यक पर्ने बिजुली, पानी, टेलिफोन, टेलिग्राम, सडक, ढल निकास इत्यादि आधारभूत सुविधा समेतको व्यवस्था गरिदिनेछ ।

(५) केन्द्रको कार्यालय भवन तथा जग्गा जमीनलाई केन्द्रको उद्देश्य प्राप्तिको लागि मात्र प्रयोग गरिनेछ ।

(६) केन्द्रको कार्यालय भवनको मरमत तथा संरक्षण र त्यसमा जडान भएको सुविधा तथा उपकरणको स्याहार संभारको सम्पूर्ण दायित्व केन्द्रमा नै रहनेछ ।

६. केन्द्रको कार्यालय भवन र हाता तथा सम्पत्तिको अनतिक्रम्यताः (१) केन्द्रको कार्यालय भवन र हाता तथा सम्पत्ति अनतिक्रम्य हुनेछ ।

(२) केन्द्रको कार्यालय भवन र हाता तथा सम्पत्तिको अतिक्रमण वा क्षति हुन नदिनु र त्यसको शान्ति वा व्यवस्थामा खलल हुन नदिने दायित्व श्री ५ को सरकारको हुनेछ ।

७. केन्द्रको सम्पत्तिको संरक्षणः केन्द्रको सम्पत्ति नेपाल अधिराज्यभित्र जहाँ जुनसुकै व्यक्तिसँग रहेको भए तापनि कसैले पनि कुनै पनि प्रकारबाट खानतलासी, अपहरण, अधिग्रहण गर्न वा त्यस्तो सम्पत्तिमा हस्तक्षेप तथा हानी नोक्सानी गर्न नपाउने गरी श्री ५ को सरकारले संरक्षण प्रदान गर्नेछ ।

८. अभिलेख तथा कागजातको अनतिक्रम्यताः (१) केन्द्रका अभिलेखहरू तथा सब प्रकारका लिखतहरू नेपाल अधिराज्यभित्र जहाँसुकै रहेको भए तापनि अनतिक्रम्य हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) केन्द्रको औपचारिक पत्र व्यवहार, लिखत तथा प्रकाशनमा कुनै पनि प्रकारले सेन्सर गरिनेछैन र त्यस्तो कागजात तथा अन्य कुनै पनि हुलाक वस्तुको पुलिन्दा वा अन्य बन्दी खाम, बट्टा, बाकस, अदत समेत खोलिने तथा रोकिनेछैन ।

तर त्यस्तो बन्दी पुलिन्दा वा अदतभित्र केन्द्रको कागजात बाहेक अन्य कुनै चीज राखिएमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

९. कर सम्बन्धी उन्मुक्तिः केन्द्रको पूँजी, आम्दानी तथा सम्पत्तिमा कुनै किसिमको आयकर, घर जग्गा कर, मालपोत, सवारी साधन कर, ब्याज कर, विकास कर, रजिष्ट्रेशन दस्तूर लगायत सरकारी, स्थानीय वा पञ्चायत तहबाट लगाइएको कुनै पनि प्रकारको प्रत्यक्ष वा अप्रत्यक्ष कर, दस्तूर वा महसूल लगाइनेछैन ।

तर केन्द्रलाई बिजुली, पानी, ढल निकास, टेलिफोन, टेलिग्राम, यातायात हुलाक इत्यादि कुनै सेवा बापत लाग्ने दस्तूर भने छुट हुनेछैन ।

१०. निकासी पैठारी सम्बन्धी सुविधाः केन्द्रले आफ्नो प्रयोगको लागि निकासी वा पैठारी गर्ने मालसामानमा भन्सार महसूल, बिक्रीकर वा कुनै दस्तूर र निकासी पैठारी सम्बन्धी प्रतिबन्ध लगाइने वा नियन्त्रण गरिनेछैन ।

तर केन्द्रले निकासी वा पैठारी गरेको मालसामानको विवरण भन्सार कार्यालयलाई दिनुपर्नेछ ।

११. कर फिर्ताः केन्द्रले खरीद गरेको मालसामानको मोलमा अप्रत्यक्ष रूपमा समावेश भएको अन्तःशुल्क वा पैठारीमा लागेको भन्सार महसूल तथा बिक्रीकरको रकम फिर्ताको लागि केन्द्रले कुनै दावी गर्नेछैन ।

१२. विदेशी मुद्रा सम्बन्धी सुविधाः (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि केन्द्रले नेपाल अधिराज्यभित्र वा अन्य कुनै पनि विदेशी मुलुकमा विदेशी मुद्राको कोष तथा खाता राख्न र सञ्चालन गर्न तथा त्यस्तो कोष नेपाल अधिराज्यभित्र वा बाहिर वा एक मुलुकबाट अर्को मुलुकमा सार्न वा आदान प्रदान गर्न र एक प्रकारको विदेशी मुद्राबाट अर्को प्रकारको मुद्रामा परिणत गर्न सक्नेछ ।

(२) केन्द्रले उपदफा (१) अनुसार प्राप्त सुविधा उपभोग गर्दा अपनाउनु पर्ने कार्यविधि श्री ५ को सरकार र केन्द्रले आपसी छलफलद्वारा निर्धारण गरे बमोजिम हुनेछ ।

१३. विदेशी प्रतिनिधि वा विशेषज्ञलाई उन्मुक्तिः (१) केन्द्रको सम्मेलन वा बैठकमा भाग लिन आउने वा केन्द्रको काम कारवाईको लागि खटी आउने देहायका प्रतिनिधि वा व्यक्तिलाई नेपाल अधिराज्यभित्र आउँदा, रहँदा तथा प्रस्थान गर्दा सन् १९६५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४५८

सेप्टेम्बर २८ देखि नेपाल पनि पक्ष भएको सन् १९४७ नोभेम्बर २१ मा पारित संयुक्त राष्ट्र संघीय विशेष संस्थाहरूको सुविधा तथा उन्मुक्ति सम्बन्धी सन्धिपत्र अनुसारको सुविधा तथा उन्मुक्ति प्रदान गरिनेछः—

(क) यूनेस्कोको प्रतिनिधि वा कर्मचारी वा विशेषज्ञ, र

(ख) समितिको सदस्य वा केन्द्रद्वारा निम्त्याइएका विदेशी सरकार वा विदेशी संस्थाका प्रतिनिधि ।

(२) उपदफा (१) मा उल्लिखित प्रतिनिधि वा व्यक्तिलाई नेपाल अधिराज्यमा आउन निःशुल्क भिसा प्रदान गरिनेछ ।

१४. केन्द्रका पदाधिकारी तथा कर्मचारीलाई सुविधा तथा उन्मुक्तिः (१) केन्द्रसँग सम्बन्धित काम कारवाईको सिलसिलामा नेपाल अधिराज्यभित्र रहँदा समितिको सदस्य, केन्द्रको निर्देशक तथा उप-निर्देशकलाई श्री ५ को सरकारले सम्बन्धित कूटनैतिक वर्गमा समावेश गरी प्रचलित कानून बमोजिम कूटनैतिक व्यक्तिलाई दिए सरहको सुविधा तथा उन्मुक्ति प्रदान गर्नेछ ।

(२) कर्मचारीलाई केन्द्रसँग सम्बन्धित आफ्नो कर्तव्य पालनको सिलसिलामा नेपाल अधिराज्यभित्र रहँदा सन् १९६५ सेप्टेम्बर २८ देखि नेपाल पनि पक्ष भएको सन् १९४७ नोभेम्बर २१ मा पारित संयुक्त राष्ट्र संघीय विशेष संस्थाहरूको सुविधा तथा उन्मुक्ति सम्बन्धी सन्धिपत्र अनुसारको सुविधा तथा उन्मुक्ति प्रदान गरिनेछ ।

(३) यस दफा बमोजिमको सुविधा तथा उन्मुक्ति केन्द्रको अनुरोधमा श्री ५ को सरकारद्वारा प्रदान गरिनेछ ।

(४) केन्द्रले यस दफा बमोजिम सुविधा तथा उन्मुक्ति पाउन सक्ने व्यक्तिको नाम, पद, राष्ट्रियता तथा कामको प्रकृति समेतको विवरण र त्यसमा भएको हेरफेर समेत श्री ५ को सरकार, परराष्ट्र मन्त्रालयलाई दिनुपर्नेछ ।

(५) यस दफा बमोजिमको सुविधा तथा उन्मुक्ति प्राप्त गर्नको लागि सम्बन्धित व्यक्तिले केन्द्रद्वारा दिइएको आफ्नो परिचयपत्र आवश्यकता अनुसार देखाउनुपर्नेछ ।

(६) यस दफा बमोजिम प्रदान गरिने सुविधा तथा उन्मुक्तिको अतिरिक्त श्री ५ को सरकारले आवश्यक देखेका अन्य सुविधा तथा उन्मुक्ति प्रदान गर्न यस दफाको कुनै कुराले बाधा पुऱ्याएको मानिनेछैन ।

(७) यस दफामा अन्य जुनसुकै कुरा लेखिएको भए तापनि नेपाली नागरिकलाई यस दफा बमोजिमको सुविधा दिइनेछैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५. केन्द्रको मालसामानको बेच-बिखनः (१) दफा १० वा ११ बमोजिम भन्सार महसूल, बिक्रीकर, दस्तूर वा अन्तःशुल्क छुट पाएको वा फिर्ता पाएको मालसामान केन्द्रले बेच-बिखन गरेमा वा विना मूल्य हस्तान्तरण गरेमा त्यस्ता मालसामानको तत्काल कायम हुन आउने मोलमा प्रचलित दर अनुसार हुन आउने भन्सार महसूल, करदस्तूर वा अन्तःशुल्क श्री ५ को सरकारलाई बुझाउनुपर्नेछ ।

(२) दफा १० बमोजिम केन्द्रले पैठारी गरेको मालसामानमध्ये प्रतिबन्धित वा नियन्त्रित मालसामान केन्द्रको निमित्त आवश्यक नभई बेच-बिखन गरिने भएमा त्यस्तो मालसामान श्री ५ को सरकारलाई वा श्री ५ को सरकारबाट स्वीकृति प्रदान गरिएको व्यक्तिलाई मात्र बेच-बिखन वा हस्तान्तरण गर्न सकिनेछ ।

१६. क्षति सम्बन्धी दायित्वः (१) केन्द्रले वा कर्मचारीले आफ्नो काम, कर्तव्यको सिलसिलामा गरेको कुनै पनि काम कारवाईको सम्बन्धमा केन्द्र वा कर्मचारीको विरुद्ध कुनै क्षति सम्बन्धी दावी लाग्नेछैन ।

तर कर्मचारीले लापरवाही गरेको कारणबाट वा जानी जानी गरेको काम कारवाईबाट कसैलाई क्षति वा नोक्सानी हुन गएमा सम्बन्धित व्यक्तिले श्री ५ को सरकारमार्फत केन्द्रमा दावी गर्न सक्नेछ ।

(२) केन्द्रले आफ्नो काम, कर्तव्यको सिलसिलामा गरेका कुनै काम कारवाईबाट कुनै व्यक्तिलाई भएको खास प्रकारको क्षति वा नोक्सानी बापत उचित हर्जाना उपलब्ध गराउन केन्द्रले आवश्यक व्यवस्था गर्नेछ ।

(३) उपदफा (२) बमोजिम दिइने हर्जाना केन्द्रले श्री ५ को सरकारसँग परामर्श गरी बीमा कम्पनीमार्फत वा अन्य तरीकाले दिने व्यवस्था गर्नेछ ।

१७. शरण दिन नपाउनेः यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि केन्द्रले आफ्नो कार्यालय भवन र हाताभित्र नेपालको कानूनद्वारा पक्राउ गरिने व्यक्ति वा अन्य देशमा सपुर्दगी गरिनु पर्ने व्यक्ति वा कानूनी तथा न्यायिक कारवाईबाट उम्कन खोज्ने व्यक्तिलाई शरण प्रदान गर्न पाउनेछैन ।

१८. सुविधा तथा उन्मुक्ति दुरुपयोग हुन नदिनेः (१) यस ऐनद्वारा प्रदान गरिएको सुविधा तथा उन्मुक्ति केन्द्रको हितको दृष्टिबाट मात्र प्रदान गरिएको मानिनेछ । यस्तो सुविधा तथा उन्मुक्ति दुरुपयोग हुन नदिने कर्तव्य निर्देशकको हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यस ऐन बमोजिमको कुनै सुविधा वा उन्मुक्ति दुरूपयोग भएको छ भन्ने श्री ५ को सरकारलाई लागेमा श्री ५ को सरकारले केन्द्रलाई तत्सम्बन्धमा लिखित सूचना दिनेछ ।

(३) उपदफा (२) बमोजिमको सूचना प्राप्त हुनासाथ निर्देशकले श्री ५ को सरकारको सम्बन्धित पदाधिकारीसँग छलफल गरी तत्सम्बन्धमा आवश्यक कारवाई गरेको लिखित जानकारी श्री ५ को सरकारलाई दिनुपर्नेछ ।

१९. विघटनः केन्द्रको विघटन हुँदा त्यसको सम्पूर्ण जायजेथा र दायित्वको व्यवस्था तत्सम्बन्धमा श्री ५ को सरकार र केन्द्रको बीचमा भएको सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

२०. श्री ५ को सरकारसित सम्पर्कः केन्द्रले श्री ५ को सरकारसित सम्पर्क राख्दा शिक्षा तथा संस्कृति मन्त्रालयमार्फत राख्नुपर्नेछ ।

आज्ञाले,
हरिप्रसाद शर्मा
श्री ५ को सरकारको का.मु. सचिव

लालमोहर सदर मितिः– २०४०।६।२४।२

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४६०